## मिति २०७९ चैत्र २४ गतेको कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका वैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : बालमैत्री वडा घोषणा सम्बन्धमा ।

प्रस्ताव नं. ३ : बालमैत्री वडा घोषणाको लागि बजेट विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं. ४ : पाइप खरिद अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ५ : खानेपानी पाइपको प्रभावकारी वितरणका लागि कार्यदल गठन सम्बन्धमा ।

प्रस्ताव नं. ६ : "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : भवन निर्माण तथा योजना मापदण्डको संशोधन र बजार क्षेत्रको वैकल्पिक बाटो निर्माणका लागि अध्ययन गर्न कार्यदल गठन सम्बन्धमा ।

निर्णय नं. ८ : योजना संशोधन सम्बन्धमा ।

निर्णय नं. ९ : एम.सि.ए. नेपाललाई विद्युत लाइन विस्तार एवं मर्मतका लागि अनुरोध गर्ने सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## निर्णयहरु

निर्णय नं. १ : मिति २०७९ चैत्र १४ गतेको कार्यपालिका बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको विषयमा आजको यस बैठकमा छलफल तथा समीक्षा गरियो ।

निर्णय नं. २ : मेलम्ची नगरपालिका वडा नं. ७ ले बालमैत्री वडा घोषणाका लागि आवश्यक पर्ने सूचकहरु पूरा गरेको हुँदा मेलम्ची नगरपालिकाका उपप्रमुख श्री उमा प्रधानज्यूको संयोजकत्वमा गठित अनुगमन समितिको प्रतिवेदन र जिल्ला समन्वय समितिबाट समेत उक्त वडालाई बालमैत्री वडा घोषणा गर्न सिफारिस गरेको हुँदा उक्त वडालाई मिति २०७९ चैत्र २९ गते बालमैत्री वडा घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : मेलम्ची नगरपालिका वडा नं. ७ को बालमैत्री वडा घोषणा गर्नको लागि बालमैमैत्री वडा घोषणा शिर्षकबाट खर्च हुने गरी रु. ३,००,०००।– (अक्षरुपी तीन लाख रुपैयाँ मात्र ) बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ मेलम्ची नगरपालिकाले बोलपत्र प्रक्रिया पूरा गरी साउथ एशियन पोली पाइप प्रा.लि., तिनकुने काठमाडौंबाट पाइप खरिद प्रक्रिया सम्पन्न गरेको र उक्त खरिद प्रक्रिया सम्पन्न पश्चात मेलम्ची नगरपालिका भित्रका वडाहरुबाट विनियोजन भएको बजेटको पाइप खरिदका लागि मेलम्ची नगरपालिकालाई अनुरोध भई आएको हुँदा साउथ एशियन पोली पाइप प्रा.लि., तिनकुने काठमाडौंले पेश गरेको दरभाउपत्रको मूल्य वार्ताको आधारमा साविक दरभाउपत्रको दररेटमा पाइप उपलब्ध गराउन मञ्जुर भएको हुँदा उक्त दररेटमा गरिएको लागत रु. १७,६०,५११।७५ (अक्षरुपी सत्र लाख साठी हजार पाँच सय एघार रुपैयाँ पैसा पचहत्तर मात्र) को पाइप खरिद प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ मेलम्ची नगरपालिका भित्रका विभिन्न खानेपानी उपभोक्ता समिति र व्यक्तिहरुबाट खानेपानी व्यवस्थापनका लागि खानेपानी पाइप माग गरेको र सोको प्रभावकारी वितरणका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने र सो कार्यदलको सिफारिसको आधारमा खानेपानी पाइप वितरण गर्ने निर्णय गरियो ।

तपसिल

१. मेलम्ची न.पा. उपप्रमुख – संयोजक
२. सम्बन्धित वडाका वडा अध्यक्ष – सदस्य
३. सम्बन्धित वडा हेर्ने प्राविधिक इन्जिनियर – सदस्य

निर्णय नं. ६ : "घ" वर्गको निर्माण व्यवसाय ईजाजत दर्ता समितिबाट देहाय बमोजिमका निर्माण व्यवसायलाई "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र दिन सिफारिस भई आएको हुँदा समितिबाट सिफारिस भईआए बमोजिम तपसिल बमोजिमका "घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | निर्माण व्यवसायको विवरण | निर्माण व्यवसायीको नाम, थर | ठेगाना |
|---|---|---|---|
| २ | डि.एन.एस.कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., मेनपा १० | नारायण सापकोटा | मेलम्ची न.पा. ११ |

निर्णय नं. ७ : मेलम्ची नगरपालिकाको भवन निर्माण तथा योजना मापदण्ड, २०७२ संशोधन र बजार क्षेत्रको वैकल्पिक बाटो निर्माणका लागि स्थलगत अध्ययन गरी एक महिना भित्र प्रतिवेदन पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

१.नगर प्रमुख आइतमान तामाङ – संयोजक
२.उपप्रमुख उमा प्रधान – सदस्य
३.सम्बन्धित वडाको वडा अध्यक्ष – सदस्य
४.ई.जित बहादुर कार्की – सदस्य
५.प्रमुख प्रशासकीय अधिकृत अमृत कुमार धिताल – सदस्य सचिव

निर्णय नं. ८ : मेलम्ची नगरपालिका भित्रका वडा कार्यालयहरुबाट योजना संशोधनको लागि पेश भएका देहाय बमोजिमको योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | साविकको योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | शैक्षिक विकास (कक्षा एक देखि तीन वडा स्तरीय परीक्षा संचालन), मेनपा ७ | २,००,०००।– | शैक्षिक विकास (कक्षा ५ को वडा स्तरीय परीक्षा संचालन), मेनपा ७ | २,००,०००।– |
| २ | सेल्ले सामुदायिक भवन पर्खाल निर्माण, मेनपा ७ | ५,००,०००।– | सेल्ले गोरेटोबाटो सिंढी निर्माण, मेनपा ७ | ५,००,०००।– |
| ३ | विपद् व्यवस्थापन, मेनपा ३ | ३,००,०००।– | द्धारेटोल भुमे मन्दिर सिंढी बाटो निर्माण, मेनपा ३ | २,५०,०००।– |
| ४ | | | विपद् व्यवस्थापन, मेनपा ३ | ५०,०००।– |
| ५ | उपल्लोगाउँ सामुदायिक भवन निर्माण, मेनपा ६ | १५,००,०००।– | उपल्लोगाउँ खेल मैदान निर्माण, मेनपा ६ | ५,००,०००।– |
| ६ | | | उपल्लोगाउँ चिहान पाटी निर्माण, मेनपा ६ | १०,००,०००।– |
| ७ | खोले खेत सिंचाई कुलो मर्मत, मेनपा ६ | २५/७५ श्रम साझेदारी | घट्टेखोला मुहान गरी कार्की गाउँ सिंचाई कुलो मर्मत, मेनपा ६ | २५/७५ श्रम साझेदारी |
| ८ | ढुङ्गाना बेसी टार खेत सिंचाई कुलो मर्मत, मेनपा ६ | २५/७५ श्रम साझेदारी | निग्लेनी खोला मुहान गरी पँधेरे सिंचाई कुलो मर्मत, मेनपा ६ | २५/७५ श्रम साझेदारी |

| क्र.सं. | साविकको योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| ९ | बसाहाचौर पत्थर पार्क निर्माण, मेनपा २ | १००००००।– | बसाहाचौर पर्यटकीय पार्क निर्माण, मेनपा २ | १००००००।– |
| १० | जाल्पा देवी मन्दिर निर्माण, मेनपा २ | १०,००,०००।– | जाल्पा देवी मन्दिर संरक्षण, मेनपा २ | १०,००,०००।– |
| ११ | विपद् व्यवस्थापन , मेनपा १३ | २,००,०००।– | वडा नं. १३ को दनुवारगाउँ बाल कक्षा संचालन, मेनपा १३ | २,००,०००।– |

निर्णय नं. ९ : मेलम्ची नगरपालिका भित्रका विभिन्न स्थानमा विद्युत लाइन विस्तार र विद्युत मर्मत संभार गर्नका लागि एम.सि.ए.नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल